# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-५ | अंक-२८ | २०७७ माघ २१ गते बुधबार | 03 February 2021 Wednesday | मूल्य रू. १०/-


## निर्माणमा गति लिंदै करिडोर


मिसन न्यूज

कालिकोट


राजनीतिक दल र नेताका लागि सदाबहार नारा बन्यो 'कर्णाली करिडोर' । तर धेरै वर्ष बिते। कालीकोटबाट बाजुरा हुँदै हुम्लासम्म जोड्ने यो सडक निर्माणमा तत्कालीन नेतृत्वले चासो दिएनन् । त्यसको परिणाम सर्वसाधारणले सास्ती भोगे। सडक सुविधा नहुँदा हुम्ला र बाजुराका नागरिक हप्तौंसम्म पैदल हिँडे । हुनेले त जहाज चढ्थे। नहुनेहरू भने सकिनसकी पैदलै हिँड्थे। अस्पतालसम्म पुग्ने बाटो थिएन ।

स्थानीयले बिरामीलाई डोकोमै बोकेर अस्पतालसम्म लगे । यही क्रममा कति बिरामीहरूको त बाटोमै ज्यान गयो । नुन र तेल बोक्दै स्थानीयले आफ्ना दिन बिताए । तर अहिले हुम्लाका नागरिक आफ्नै आँगनमा मोटर देख्न पाइनेमा ढुक्क छन् । गाडी चढ्ने स्थानीयको सपना पूरा गर्ने कसरत जारी छ । पछिल्लो समय कर्णाली करिडोरको निर्माणमा भएको प्रगतिले पनि कर्णालीवासीको मोटर चढ्ने सपना चाँडै पूरा हुने देखिएको हो । हालसम्म राष्ट्रिय सडक सञ्जालमा नजोडिएको देशको एक मात्र जिल्ला हो हुम्ला । हुम्लालाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने कसरतले अब चाँडै पूर्णता पाउने भएको छ । यसैका लागि पछिल्लो समय



कर्णाली करिडोरको कालीकोट खण्डमा सडक निर्माण भएपछि सञ्चालनमा आएका जिप । तस्विर : मिसन न्यूज

नेपाली सेनाले सडक निर्माणलाई तीव्रता दिएको छ । निकै कठिन मानिएको यो सडकअन्तर्गत अक्करे भीर छिचोल्दै र कडा चट्टान फोड्दै सेनाले सडक खनिरहेको छ । नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा लिएको कर्णाली करिडोरको अधिकांश स्थानमा हाल साना जिप सञ्चालनमा आएका छन् ।

यसले स्थानीयलाई सहज भएको छ । निर्माण पूरा र स्तरोन्नतिको काम बाँकी नै रहे पनि कर्णाली करिडोरमा गाडी गुड्न थालेपछि कालीकोट, बाजुरा र हुम्लाका नागरिकको जीवनस्तरमा सुधार आउन थालेको छ । आंशिक रूपमा भए पनि सर्वसाधारणले गाडी चढ्न पाएका छन् । बिरामीलाई डोकोमा बोक्नुपर्ने बाध्यता टरेको छ । गाडी र एम्बुलेन्स चल्न थालेका छन् । भारी बोक्नुपर्ने समस्या टरेको छ । विकास निर्माणका सामान ढुवानीमा पनि सहज भएको छ। करिडोरमा मोटर गुड्न थालेसँगै कालीकोट, बाजुरा र हुम्लासम्म विकास निर्माणका लागि आवश्यक पर्ने सामान ढुवानी हुन थालेको छ । यसले दुर्गममा पनि भौतिक विकासले गति लिएको छ । समग्रमा कर्णालीवासीका लागि कर्णाली करिडोर भाग्यमार्ग नै बनेको छ । कालीकोटको खुलालुबाट कर्णाली करिडोर सुरु भएको छ । जसअन्तर्गत कालीकोटमा ४० किलोमिटर भाग


**बाँकी ८ पेजमा.....**


## बाढी र अग्नि पिडित लाई कम्बल वितरण


मिसन न्यूज

कालिकोट


चिसो बढेसँगै जिल्लाको नरहरिनाथ गाउँपालिका र तिलागुफा नगरपालिकाका बाढीपीडित र आगलागि पिडितलाई जाडोमा न्यानो कम्बल वितरण गरेको छ। गत साउन र भदौमा अविरल वर्षाका कारण, बाढिपहिरोले क्षति ग्रस्त दुईवटा गाउँपालिमा जंगलमा त्रिपालमा चिसोले कस्टकर रूपमा जीवन बिताईरहेका पिडितलाई जिल्ला विपद व्यवस्थापन समिति र जिल्ला रेडक्रसले बसिरहेका चिसो बाट बचाउन न्यानो कम्बल वितरण गरिएको हो ।




बाढी र अग्नि पिडित लाई कम्बल बाढ्दै स्थानिय सरकार । तस्विर : मिसन न्यूज

नरहरिनाथ र तिलागुफामा एकसाथ वितरण गरिएको जनाईएको छ। नरहरिनाथ गाउँपालिका अध्यक्ष धिरबहादुर विष्टको सभा अध्यक्षता, राष्ट्रिय सभा सदस्य जीवन बुढाको प्रमुख आतिथ्यता, प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यको विशेष आतिथ्यता, गाउँपालिका उपाध्यक्ष मनशोभा बुढा, प्रहरी प्रमुख चक्रबहादुर शाह,पत्रकार महासंघका अध्यक्ष तुलाराम , नेपाली कांग्रेसका नेता नगेन्द्र विष्ट, नेकपा नेता दानबहादुर वोगर्टि, प्रमुख प्रशासकीय अधिकृत दुर्गाप्रसाद न्यौपानेको आतिथ्यतामा गाउँपालिकाका २०६ घरपरिवार लाई न्यानो कम्बल वितरण गरिएको पत्रकार खगेन्द्र बुढाले जानकारी दिए। बाढिपहिरो बाट विस्तापित गाउँपालिकाका २०६ परिवारको पुनस्थापनाका लागि, पहल भैरहेको राष्ट्रिय सभा सदस्य बुढाले बताएका थिए । अहिले तत्कालका लागि, जंगलका अस्थाहि रूपमा व्यवस्थापन भएपनि, विस्थापित हरूको पुनरस्थापनाको लागि पहल भईरहेको माननीय बुढाले बताए । यस्तै बाबुले आफ्नै घरमा आगो लगाएर बिचलित परिवारलाई पनि कम्बल वितरण गरेको छ । यस्तै तिलागुफा नगरपालिकामा पनि आगलागि पिडित २८ बालवलिका लाई चिसोमा न्यानो कम्वल , शैक्षिक सामाग्री वितरण गरिएको नगरपालिकाले जनाएको छ ।

## अवैध क्रसर संचालन

सुर्खेत - जिल्ला प्रशासन कार्यालय सुर्खेतले मंसिरमा गरेको अनुगमनका क्रममा आठ वटा क्रसर उद्योगहरु मापदण्डविपरित सञ्चालनमा रहेको पाइयो । सहायक प्रमुख जिल्ला अधिकारी रोम महतको अनुगमन समितिको प्रतिवेदनका आधारमा प्रशासन कार्यालयले पुस एक गते आठ वटा क्रसर उद्योग बन्द गराउन प्रहरीलाई पत्राचार गर्यो । प्रहरीले भने प्रशासन कार्यालयको निर्देशन अटेर गरिरहेको छ । अवैद्य क्रसरहरु निर्वाध सञ्चालन भइरहेका छन् । प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी अनुगमनका क्रममा मापदण्डविपरित सञ्चालित क्रसर उद्योगहरु बन्द गराउन प्रहरीलाई पत्राचार गरिएको बताउँछन् । 'मापदण्डविपरित सञ्चालनमा रहेका क्रसर उद्योगको नाम र ठेगानासहित बन्द गराउन



र अन्य आवश्यक कारवाही गर्न प्रहरीलाई पत्राचार गरेका हौं,' प्रजिअ रेग्मीले भने, 'अझै पनि त्यस्ता क्रसर उद्योगहरु सञ्चालनमा रहेको खवरहरु आइरहेका छन् ।' पूर्वी सुर्खेतको लेकवेशी नगरपालिका-१ स्थित खहरेखोला किनारमै भेरी एग्रीग्रेड एण्ड रिफाइनरी उद्योग छ । बालुवा प्रशोधन उद्योगको अनुमति पाएको उसले क्रसर उद्योग पनि सञ्चालन गरिरहेको छ । उद्योगको एक किलोमिटरको दूरीमा दुई वटा प्रहरी चौकी छन् । उद्योगको आवाज यि दुबै प्रहरी चौकीसम्मै सुनिन्छ । प्रहरीले प्रशासन कार्यालयको निर्देशन अनुसार यो क्रसर उद्योग बन्द गराउनु पर्नेमा नदेखेझैं गरिरहेको छ । क्रसर उद्योगीसँग प्रहरीको मिलेमत्तोका कारण प्रशासनको निर्देशन पालना नभएको बताउँछन् । 'क्रसर उद्योग नजिकै सडक छ, दैनिक प्रहरीको ओहोर-दोहोर हुन्छ,' एक स्थानीयले भने, 'क्रसर उद्योगीसँग प्रहरी मिलेको भएकाले प्रशासनको निर्देशन कार्यान्वयन भएको छैन ।' यस्तै भेरीगंगा र गुर्भाकोट नगरपालिकाको सिमाना गोचेखोलामा हाम्रो निर्माण सेवाले क्रसर उद्योग सञ्चालन गरिरहेको छ । छिन्नु-जाजरकोट सडकबाटै यो अवैद्य क्रसर उद्योग देखिन्छ । नजिकैको बजार जहरे र मेहलकुनामा प्रहरी चौकी छ । खोलासँग जोडिएको क्रसरका कारण यहाँका तीन गाउँको खानेपानीको मुहानै धमिलो हुन्छ । स्थानीयहरुले खोला किनारबाट क्रसर उद्योग


**बाँकी ८ पेजमा.....**

# सम्पादकीय...

## कोरोना खोपको सदुपयोग

विश्वभर नै अहिले कोरोना भाइरसविरूद्धमा खोप लगाउने होडबाजी चलिरहेको छ । ठूला देशहरुले त खोप उत्पादन गर्ने कार्यलाई नै पहिलो प्राथमिकताको क्रममा राखेका पनि छन् । ठूला देशमार्फत साना देशहरुलाई सहयोगको रुपमा खोप दिने सिलसिलाले पनि त्यत्तिकै गति लिएको देखिन्छ । अरु देशमा जस्तै कोरोना भाइरसविरूद्धको खोप अभियान नेपालमा पनि जारी छ । आठौं दिनसम्म देशभर करिब डेढ लाखको हाराहारीले खोप लगाएको तथ्याङ्क सार्वजनिक भएको छ, जसमध्ये अधिकांशमा केही साइड इफेक्ट नदेखिएको पाइएको छ भने केहीमा सामान्य लक्षणहरुमात्रै देखिएको छ । खोप लगाउनेहरुलाई सामान्य प्रकारको ज्वरो आउने, रिँगटा लाग्ने, बान्ता आउने र पखाला लाग्नेजस्ता समस्याहरु आएको देखिए पनि धेरैजसोलाई त्यसले खासै असर गर्न नसकेको अवस्थाका कारण खोपको प्रभावकारिता र विश्वसनीयता बढ्दै गएको छ भन्दा अन्यथा हुँदैन । यद्यपि, हालै खोप लगाउने क्रममा डोटीमा ३३ जनाको स्वास्थ्यमा समस्या देखिएको खबर बाहिर आएको थियो, जसले जनमानसलाई एकहदसम्म चिन्तितसमेत बनाउन पुग्यो ।

कोरोनाको बढ्दो महामारीसँगै त्यसको रोकथामका लागि खोप पनि उत्पादन भैरहेको अवस्था आफैंमा सकारात्मक रहेको देखिए पनि खोपको प्रभावकारितामाथि बारम्बार प्रश्नचिन्ह भने लाग्दै आएको छ । खोपको प्रभाव र असरबारे विश्वव्यापी चर्चा भैरहेको अवस्थामा कतिपय खोपहरुको प्रभावकारिता ५० प्रतिशतकै हाराहारीमा मात्रै रहनु चिन्ताको विषयसमेत बन्न पुगेको छ । हाल विश्वका धेरै देशहरुमा प्रयोगमा आइसकेको अक्सफोर्ड एस्ट्राजेनेका खोप अरु खोपभन्दा बढी नै शक्तिशाली रहेको बताइए पनि त्यसको परीक्षणको दायरा अझ फराकिलो बनाउनुपर्ने जरूरत छ । यस खोपको प्रयोगबाट भाइरस सङ्क्रमण रोकथाममा उल्लेखनीय उपलब्धि हासिल हुनसक्यो भने आगामी दिनमा त्यो विश्वका लागिसमेत उदाहरणीय कार्य हुनेछ । विश्वभर एक वर्षअघिदेखि फैलिएको कोरोना महामारी अझै पनि कम भएको अवस्था छैन । अझ युरोप, अमेरिका, अफ्रिकालगायतका भूभागहरुमा त कोरोनाको फैलावटमा समेत पहिलाको तुलनामा झन् वृद्धि हुँदै गएको देखिन्छ ।

# अग्नि पीडितलाई राहत वितरण

मिसन न्यूज
जुम्ला

गत हप्ता आगलागीका कारण घर जलेर नस्ट भएका जुम्लाको गोठिगाउँका अग्नि पीडितलाई राहात दिन आउने क्रम बढिरहेको छ । नेपाल तरुण दल जिल्ला कार्य समिति जुम्ला र नेपाल



विद्यार्थी संघले प्रत्येक घरधुरीलाई एक-एक बोरा चामल, तेल, सिरक, डसना, सिरानी लगाएतका समाग्री वितरण गरेका छन् । यस्तै हन्ड्रेस ग्रुपका बल्लु गुप्ताको टिमले पनि खच्चडबाट ढुवानी गर्दै गाउँमै गएर राहत वितरण गरेको छ । सँगै हिमा एण्ड माया फाउन्डेसन, वार्मी हेड नेपालले पनि गाउँमै गएर राहत वितरण गरेका छन् । प्रशासनको पहलमा तत्कालको लगि भन्दै हेलिकप्टरबाट प्रत्येक घरमा पाँच जना बराबर पन्ध्र हजार र सोभन्दा धेरै परिवार भएकालाई बिस हजारका दरले पाँच लाख बराबरको नगद र चामल, दाल, कपाडा, तेल लगाएतको राहत वितरण गरेको थियो । क्रसियन समाज हिमा गाउँपालिकाले पनि खाद्यान्न, लत्ता कपडा वितरण गरेको छ । यसै गरी जुम्ला क्षेत्र नम्बर दुईका संसद पदम रोकायाले आफ्नो एक महिनाको तलब बराबर ४२ हजार रुपैयाँ सहयोग गरेका छन् । सिंजा बहमुखी क्यम्पसका सभापति अम्मर खत्रीले भौगोलिक बिकटताले र चिसोका कारण दुर्गमका बस्तीहरुमा वर्षाको समयमा केही पनि उब्जनी नहुने भएकाले भोक भोकै बस्नु नपरोस् भनेर नेपाल विद्यार्थी संघ र नेपाल तरुण दल जुम्ला मिलेर रहात दिएको बताए । नेपाल तरुण दल जुम्लाका नेता विकाश शाहीले अग्नि पीडितलाई केही गर्न सकिन्छ कि भनेर सबैसँग सहयोग मागेरै भए पनि पीडितको घाउमा मलम लगाएको बताए ।

जुम्लाका तिला गाउँपालिका-७ गोठीगाउँमा २६ घर जलेर नष्ट भएका छन् । मंगलबार साँझ गोठीगाउँमा आगलागी हुँदा गाउँका २६ घर जलेका थिए । आगलागीबाट २६ घर जलेर नष्ट भएका थिए भने १६७ जना बिस्तापित भएका थिए । आगलागीबाट ३७ वटा गाई गोरु २६ वटा भेडा बाख्र मरेका थिए। एकलाख पचास हजार नगद र खरायो कुखुरा पनि जलेर मरेका थिए ।


## जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

शुभकालिका गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

डिभिजन वन कार्यालय,कालिकोट
कर्णाली प्रदेश,नेपाल

# युग बदलिए, ब्यवस्था बदलिए ,जनताको कथा व्यथा उस्तै



**रण बहादुर ऐरी**

हजुर सनातन धर्मले भरीपुर्ण देब भुमि तपो भुमिले विश्वकै उत्कृष्ट , जल जंगलमा विश्वकै नमुना उर्वर भुमिमा देशकै उत्कृष्ट खानी जडीबुटीमा संसारकै उच्च हाँसेका हिमाल, फुलेका गुराँस, नाचेका मयुर, गाएका कोईली , फलेका फलफुल, उब्जने अन्नका तराँई फाँट हिमाल, पहाड, तराई मधेसमा गौरवको भुमि मेरो स्वदेश यो पवित्र पतीत पावन भुमिमा जल बगेका छन । तिर्खा मेटीईदैन हराभरा जँगल जडीबुटी छन औषधि भेटीईदैन , हाँसेका हिमाल , फुलेका गुराँस छन सँस्कार देखिईदैन । यो प्रकृतीले दिएको भण्डारमा भुगोललाई दोष दिई हाँसि खुसि राख्नु पर्ने देशमा शिक्षा, दिक्षा, गास,बाँस, कपास को शुशासनको प्रत्याभुती समाजको राज गर्ने राजनीती जती युग बदलिए पनि जति ब्यवस्था बदलिए पनि समाज भने बदलीन सकेका उदाहरण अवश्य मेव छेनन् । हामी शनि द्वापर त्रेता र कली युगमा भौथौ युगमा प्रवेश गरेका नेपाली दाजु भाई दिदी बैनी आमा बुवा एक्कीसवा सताब्दीमा प्रवेश गरेका छौँ ।

सुगौली सन्धी भए ग्रेट नेपालको अबधारणा कायम गर्न लागी परे र गोर्खाली सच्चा इमान्दार बफाँदार गलत देखी नसक्ने इमान्दारी बेच्न नसक्नेको इतिहाँस रचे श्रृस्टीको नियमको विरुद्धमा सुत भर जान नसक्नेको सुचिमा ब्रिटेनमा सेनाको लागी छनोट गोर्खाली रेजिमेण्टमा नेपाली एक नम्बरमा छनोट भएको इतिहाँस सांक्षी हुदा हुदै पनि एकिसवा सत्ताब्दीमा आईपुग्दा चोर गोर्खालीको कित्तामा देश डुब्नका तथ्य प्रमाणहरु हामिले खोज्ने बेला भने अवश्य हामि साम ु देखा परेको छ । मैले माथी उल्लेख गरे वगेका जल छन तृर्खा भेटिन्न उब्जेका ग्रन्थछन ज्ञान भेटीईदैन , हाँसेका हिमाल, नाँचेका मयुर छन संस्कार देखिईदैन फलेका फलफुल छन विचार देखिईदैन तराईका फाँट छन भोग मेटीर्यदैन हरिया जँगल छन जडीबुटी छन औषधी भेटीई दैनन । अब नेपालमा भुगोललाई दोष दीएर भाषण गरेर टार्नेहरुको खोज विन गर्नेबेला भई सक्यो आँउ खोजी निती तर्फ लागौँ । यो देशमा विर गोर्खालीले लडी १८७२ मा सुगौली सन्धि गरे । ततपश्चात सुगं सुन्दरीको मोजमा रमाउने मोजमस्तीमा चुरलम्म डुब्ने कुख्याँत राजा रजौटा र चौतारीया हरुको अयांसी राज चल्यो कोत पर्वमा फत्तेजंग शाह चौतारिया थिए । कोत पर्व १९०३ अशोज २ गते भएको थियो । भण्डार खाल पर्व १९०३ कार्तिक १२ गते भएको थियो , औलो पर्व १९०४ मा भएको थियो । भण्डार खाल पर्वमा काँजी विर ध्वज बस्नेतको हत्या भयो । रानीका सम्पुर्ण अधिकार खोसिये , जंङ्गबहादुरको उदय भयो जंङ्गबहादुर सुरा सुन्दरी राख्दै सीडीमा लाइन लगाएर छुदै कुर्षीमा बस्ने मध्येका एक हुन जस्ले विश्वकै मंहंगो बेश्यां ब्रिटेनमा भोग गरेका थिए । ७२०० सय डलरमा यो कुख्याँत इतिहाँसको अन्त्य गर्न गंगालाल धर्मभक्त सुक्रराज शास्त्री , दसरथ चन्द, जस्ता विर सहिद हरुले ज्यानको वाँजी राखी वि.पी कोईराला र पुष्पलाल श्रेंण्ट्र जस्ता राजनितीक योद्धा हरुले २०० साल मा राणा परास्त गरी प्रजातनत्र को थालनी गरे र २००७ साल देखी २०१५ साल सम्म आठसन सदिए राजनितीक दलको मिलो मतोमा प्रजातनत्र चल्यो र प्रजातन्त्रको चुनाव भयो । २०१५ सालमा तर दलहरुकै अक्रमण्यताको शिकार हुन पुगि राजा महेन्द्रले प्रजातन्त्र कु गरी कालो पंन्चायती व्यवस्था लादन सफल भए ततपश्चात राजा विरेन्द्र राज गद्धीमा आए सुधारीएको पंन्चायत लागु गर्नु भयो र शान्ती क्षेत्र घोषणा गराउन पहल भयो । सबै राष्ट्रले मान्यता दीए तर विस्तार वाद भारत भने नेपालको वर खीलाप मा गयो अन्तत्व गत्वा शान्ती क्षेत्र नेपाल घोषणा हुन असफल भयो । अयांसी र विलाशिताका छिटाहरु सबै परिवर्तनमा सर्दै नगएका भए सायद यती धेरै व्यवस्थाहरु नेपालमा परिवर्तन हुने थिएनन् होला । नैतिकता , विकाश, अशिक्षा, को मडारीएको बांदल हटी उज्यालो तर्फ अवश्य जाने थियो होला ।

ततपश्चात वहुदल निर्दलको चुनाव भयो प्रधानमन्त्री सुर्य वहादुर थापाले वहुदल परास्त गरी पंन्चायतलाई जितायो अनि २०४६ सालको ऐतिहाँसिक जन आन्दोलन बाट राजा समेतको प्रजातन्त्र ल्यायो । त्यो पनि १२ वाह्र बर्ष मै असफल भयो । अहीलेका शाशकहरुले जनयुद्धको घोषणा गरी १७०० हजार मान्छेले जिवनको बलीदानी दिए ।१२ वाह्र बुदे समझदारी अनुसार गणतन्त्र आयो बडो ठुलो जनताको त्याग तपश्या बांट दुई दूई सम्विधान घोषणा भई आम निर्वाचन भयो जस्मा ने.क.पा. एमाले र माओबांदी एकिकरण भई दुई तिहाईको बहुमतको सरकार नेपाली जनताले दिगो शान्ती शुसासन विकाँश र समवृद्धीको लागी नेपाली जनताले दिए तर नेपाल जस्तो पतित पावन पवित्र देब भुमिहरुमा पशुपति नाथ भनेर काठमाण्डौ मा स्थापित छन हामी राष्ट्रका कुल देवता मान्दछौँ । तर यहाँ शिव राज्य हुनु पर्नेमा सती काल देखी कलीमा आई पुग्दा समेत भस्मासुर हरुको झुण्डले चलाएको नाता वाद, कृपावाद, फरीया वाद, माँफीया, भुमाफीया, दलाल, तस्कर, गुण्डा र चोर हरुको राक्षेषी राजले नेपाली जनता जल वगेको छ । तिर्खा मेटीइदैन बेदउब्जेको छ शिक्षा पाईदैन , तराई फाँट छ भोक मेटीइदैन , हिमाल हाँसेका छन, मयुर नाचेका छन, फलफुल फलेका छन सस्कार पाइदैन को स्थितीमा रुमलीई राखेका छौँ । यो हुनुमा अवश्य मेव विचरा गरवि जनता को दोषत अवश्य मेव छैन । यहाँ दोष देखिइन्छ अवश्य मेव अराजक राज नितीज्ञहरुको जस्मा ब्रहमाको बेदको ज्ञान छैन । कृर्षी उत्पादनमा ध्यान छैन । हासेका हिमाल, बगेका जल, फलेका फलफुल, हरिया जंगल, जडीबुटी योजनामा ध्यान छैन । खानी पैल्याउनत कोषौ परका कुरा हुन । नाता वाद, कृपा वाद, फरीया वाद, दलाली , विचौलीया, माँफीया,भुमाफीया , चोर गुण्डा छिनार र झोले झाम्टेहरु भन्दा कहील्यै राजनीती बाहीर आउन सकेको अवस्था रहेन ।

यो हुनुमा कोत पर्व , भण्डार खाल पर्व, औलो पर्व र हाम्रा पुर्वजहरुले ज्यानको वाजी राखी लडाई लडी सन्धि गर्दा मृत्यु वरण गरेका पुर्खाहरु पित्रीहरु तारण हुन नसकेका हुन त लागौ यस तर्फ पनि त्यसो हो भने हामीले विचार पुऱ्याउनै पर्ने तथ्य भनेको अवौ अर्वको भष्ट्राचार गरी देश डुवाउनु भन्दा करोडमा मात्र मृत्यु वरण गरेका ज्ञात अज्ञात सहीत प्रती १ एक मिनेट मौन धारण गयौ भनेर स्याङ्ग र ढवाङ्ग फुक्नु भन्दा पनि एक करोड खर्चेर अवश्य मेव यज्ञ लगाई बेला बखतमा मृत्यु वरण गरेका हाम्रा राष्ट्रीय पित्रीहरु लाई मुक्ती दिलाई बैकुण्ठमा बाँस गराँई सतहत्तरै जिल्लामा यज्ञको थालनी गरी श्रीमद भागवत गिताको तेस्रो अध्यात्य बांचन गर्दा प्रितीका देवता विष्णु सदा प्रशन्न भई मन बान्छीत फल दीन्छन । स्वार्थका लागी लडार्य, कुर्षीका लागी लडाई, पैसाका लागी लडाई गर्नु भन्दा पनि श्रृस्ट्री श्रृजनाको नियम पालना गरी विधिको विधान अनुसारको शुसाशन संस्कार सस्कृतीको थालनी गरी अन्नको भण्डार नेपाल, उर्जाको भण्डार नेपाल, थितीको भण्डार नेपाल, रितीको भण्डार नेपाल सस्कार सस्कृतीको भण्डार नेपाल बनाउन व्यक्ती गत , गुटगत, पार्टीगत, दलगत, स्वार्थपरक संन्जालको अन्त्य गरी विचार र योजनाको खेती नेपाल बनाउने होकी यस तर्फ राज्यको जनताको बुद्धीजिवी योजनाकार गजलकार कवि वुद्धीजिवी मानव अधिकार बादी शिक्षक विद्यार्थी राजनेता बृद्ध बृद्धा युवा युवती कलाकार ,गलाकार नागरीक समाज पत्रकारको सवैको नजर यस्मा लगाउदा कस ेहोला मेरो र जनताको विचार हजुर हरुमा पस्क े। नेपाली निरीह जनतालाई चाहे काला पानी नाला पानी युद्ध देखी जन युद्ध सम्म तपाई महां महीम हरुलाई शाथ नदीएका होईनन् । तपाईहरुको हुतिहारा निती र विचार सस्कारले गर्दा जनता प्रताडीत हुन पुगेका छन । तपाईहरु मिसन भिजन नभएका अनविज्ञहरुलाई जनताले जिताएर पठाए पनि तपाईहरुले जनतालाई पराजित नै गराउनु भएको छ । हाल सम्मका आन्दोलन बाट जनताले गरीवी, भोग, रोक, अशिक्षा, वेरोजगारी वाहेक का कुनै उपलब्धि हाशिल गरेका छैन भने तपाईहरु जनता समक्ष गएर हामीले यो काम जनताको लागी गरेका छौँ । हाम्रो साथ देउ भन्ने हिम्मत छ छ भने जनतालाई मांग गर्ने हिम्मत राख्नु होश हैन भने तपाईहरुका झोले झाम्टे कार्य कर्ता र मांफीया, भुमाफीया, दलाल, चोर गुण्डा, विचौलीयाले राष्ट्र निली सकेको छ । तपाई झुट्टा खोक्रा भाषणले देशमा रोग, भोग, शिक्षा, स्वार्थ मुलो, जडीबुटी, जलजंगल खानीले र तपोभुमि नेपालका धार्मीक प्रर्यटकीय स्थल ओझेलमा पारी तपाईहरुको खोक्रो भाषणले नेपालीहरु गरिवीको चपेटा मा परी भौगोलीक विक्ररताको नाउमा उर्वर भुमि नेपाल पर्यटकीय भुमि नेपाल, तपोभुमि नेपाल, जल जँगलको धनि नेपाल , जडीबुटीको धनि नेपाल, ओझेलमा परि झुट वोलेको हुनाले गरिव असफल र अविकशित नेपालको सुचिमा परेको हुनाले अब झुटको राजनीती गरी जनतालाई अलमलमा पार्न छोड्नु होस् ।

र देश भिग मागा हुदैन र वैज्ञानीक शिक्षा स्वरोजगार मुलुक शिक्षा शिपको शिक्षा दीनुहोस देश जललाई प्रयोगमा ल्याई कृर्षीमा आत्म निर्भर ,शिक्षामा आत्मनिर्भर, उद्योग कलकारखानामा आत्मनिर्भर गर्न विज्ञ जनशक्ती उत्पादन गर्नुहोस् । घाँटी च्यातेर हात हल्लाएर भाषण गर्नु पर्दैन । नेपाली जनताले बौद्ध झै तपाईको पुजा गर्नेछन । अन्यथा वकमफुस्से भाषर्णले परिवर्तन आउने वाला छैन । एउटाले अर्कोलाई गाली गलौच गर्दा विश्वमै नेपालीहरुको वेइज्जत हुन जान्छ। तपाईको गाली गलौचले नेपालमा परिवर्त हुने वाला छैन । देश विकाश र समुउन्नतीमा जाने वाला छैन व्यक्ती गत स्वार्थको लागी देश अनिर्णयको बन्दी हुदा जनता तपाई स्वार्थी हरुलाई अवश्य दण्ड दिनेछन । विज्ञ हौ भन्छौ विज्ञता राख परोपकाय् पुण्याय् पापाय परि पिडनम्

**लेखक : रण बहादुर ऐरी, कार्यलय प्रमुख,खा.ब्या.तथा ब्या.क.ली शाखा दैलेख, पश्चिमनेपालबाट**

# अझै गोठ र छाप्रामै पहिरो पिडित

मिसन न्यूज
कालिकोट



साउनमा रास्कोट-१ बडोतलाकी वृहस्पति शाहीले पहिरामा श्रीमानसहित ५ जना आफन्त गुमाइन् । हिउँद लागेसँगै चिसाले पीडा झन् बल्झाइदिएको छ। 'खाने गाँस छ न बस्ने बास,' जेठी बुहारी गीताका माइतीले बनाइदिएको टिनको छाप्रामा बस्दै आएकी उनले भनिन्, 'यस्तो चिसामा कसरी हिउँद काट्ने ?' दम बढ्ने, हातखुट्टा झमझमाउने, जीउ दुख्नेलगायत समस्याबाट पीडित भएको उनले बताइन्। पहिरामा घरबास गुमाएका अरू १२ परिवारको पनि बिचल्ली छ। लहरेला, औल र सागाटियाका पहिरोपीडित चिसामा कष्टकर दैनिकी गुजार्न बाध्य छन् । पहिराले घर भत्किएपछि ७१ वर्षीय जसबहादुर शाहीले ७ जनाको परिवारसहित आफन्तका घरमा शरण लिएका छन् ।

खानलाई न अन्न छ न त न्यानो लत्ताकपडा । छिमेकी मन टमाटा पनि स्थानीय खम्मबहादुर शाहीको गोठमा बसिरहेका छन् । बारीको एक बोरा मकै दुई महिनामै सकिएकाले उधारोमा अन्न किनेर खाइरहेको उनले गुनासो गरे। पहिराले घर बगाएपछि पीडितहरू अरूको गोठ, टिनको छाप्रो र पालमा बस्दै आएका छन्। पहिरोपीडित परिवारलाई पुसको जाडो थेग्नै मुस्किल भएको कालिका आधारभूत विद्यालय, लहरेलाका प्रधानाध्यापक दीर्घराज शाहीले बताए। कर्णाली प्रदेश सरकारले पहिरामा ज्यान गुमाएका नागरिकका लागि गरेको विपद् बिमाबापतको २ लाख रुपैयाँसमेत कसैले पाएका छैनन् । 'प्रदेश सरकारले आश्वासन मात्र दियो, देखिने गरी राहत दिएन,' उनले भने। गत मंसिरमा गाउँ आउँदा कर्णालीका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई पीडितले ज्ञापनपत्र बुझाएका थिए । पहिराको जोखिममा रहेका रास्कोट-१ स्थित बडोलतोला, लहरेला, बोल्दे, बग्ड, तामाकोट, ३ नम्बर वडाको सागाटिया, सान्नित्रिवेणीको माटेखर्क, लामाबगर, पोतमारा, काब्रालगायत गाउँको बस्ती स्थानान्तरण गर्न माग पनि गरिएको थियो । कालीकोटमा पहिराले चालु वर्ष ४४ जनाको मृत्यु भएको छ भने ७ जना अझै बेपत्ता छन्। जिल्लाभर पहिराले ६ सय ८५ घर पूर्ण र १ हजार ७ सय ७१ घर आंशिक क्षति भएको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्य भने पहिराबाट ज्यान गुमाएकाका परिवारलाई राहतस्वरूप २ लाख रुपैयाँ वितरण गरिएको बताउँछन् । 'रकम खाता पठायौं तर पुनःस्थापनाको काम अझै हुन सकेको छैन,' उनले भने । पहिराले यो वर्ष २ सय ३८ खानेपानी आयोजना, १२ स्वास्थ्यचौकी भवन, ४५ विद्यालय, १२ ग्रामीण सडक र २ सय २२ वटा सिँचाइ कुलोमा क्षति पुऱ्याएको विपद् व्यवस्थापन समितिको तथ्यांक छ।

स्थानीयका जग्गाजमिन बगाएको तथ्यांक नै संकलन नभएको जिल्ला प्रशासन कार्यालयकी विपद् व्यवस्थापन फोकलपर्सन लालपुरा आचार्यले बताइन् । उनका अनुसार विपद् व्यवस्थापन समितिले नरहरिनाथका ५ सय ८२, रास्कोटका ८२ र सान्नीत्रिवेणीका १४ परिवारलाई अन्यत्र स्थानान्तरण गर्न सिफारिस गरेको छ। रास्कोटमा एकै परिवारका ५ जना पहिरामा बेपत्ता भएका थिए भने नरहरिनाथ-७, बागामा एकै परिवारका ७ र महाबैको नकुगाउँमा ६ जनाको मृत्यु भएको थियो । नरहरिनाथ गाउँपालिका अध्यक्ष धीरबहादुर विष्टले पहिरामा घर गुमाएका परिवारलाई अन्यत्र स्थानान्तरण गर्न विभिन्न ५ ठाउँ प्रस्ताव गरिएको बताए। जिल्लाका ९ वटै स्थानीय तहका ५१ वटा बस्ती पहिरोको जोखिममा छन् ।

सबैभन्दा बढी नरहरिनाथका १३ बस्तीका करिब ५ सय घर पहिराको जोखिममा छन् । कम जोखिममा रहेको तिलागुफाको टाकुल्ला, छाप्रे, ओखरभित्ता, खल्लालगायतका बस्ती पहिराको जोखिममा रहेको नगरप्रमुख रतनबहादुर शाहीले बताए ।

## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।


रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# अध्यक्षको तलवबाट सार्वजनिक शौचालय

**मिसन न्यूज**

**मुगु**

हिमाली जिल्ला मुगुका एक वडा अध्यक्षले उदाहरणीय काम गरेका छन् । छाँयानाथ रारा नगरपालिका वडा नम्बर ४ का कलिला वडा अध्यक्ष बिष्णुकुमार भाम एक उदाहरण जनप्रतिनिधिको रुपमा उदाहरण बनेका हुन । स्थानीय सरकार सञ्चालन भएको अहिले करिब ३ वर्ष बितिसकेको छ। यो अवधिमा वडा अध्यक्ष भामले आफ्नो यो तिन वर्षको अवधि भर नगरपालिकाका १४ वटै वडाका दलित, विपन्न, असहाय, टुहुरा नागरिक लाई चामल, नुन, तेल, आर्थिक सहयोग सँगै आफुले पाउने तलब कट्टा गरि र नगरपरिषदको बैठक बाट पाएको भत्ता बाट शौचालय निर्माण गरि दिएका छन्। यसको मतलब वडा अध्यक्ष भामले बाडिदिन्छन राहत, बनाई दिन्छन शौचालय । छायाँनाथ रारा नगरपालिका बाट सन्चालन हाँल सम्म भएका ४ वटा नगर परिषद बाट वडा अध्क्षयले पाउने भत्ता सबै संकलन गरि मुगु जिल्लाको सदरमुकाम गमगढी बजार रेडक्रस शाखा कार्यालय नजिकैमा शौचालय निर्माण गरेका छन् । विशेष गरि छायानाथ रारा नगरपालिका वडा नम्बर १०, ११, १२ का स्थानिय जनता र मुगमकामारोंग गाँउपालिका र बाटोमा हिड्ने वटुवाहरुलाई सहजै रुपमा दिशा पिशाव गर्नको लागी ४ वटा नगर परिषद बाट पाउने २८ हजार भत्ताले एक शौचालय निमार्ण गरिएको वडा अध्क्षय बिस्नु कुमार भामले बताए। भाम मुगु जिल्लाको सबै भन्दा कान्छा र जनप्रेमी जनप्रतिनिधी रहेका छन । जनप्रतिनिधी भए देखी स्थानिय सरकार बाट वडा अध्क्षय बापत पाउर्ने सेवा सुबिधा र अन्य बैठक तालिम गोष्टी बाट पाउर्ने सकम संकलन गरि दैबिक प्रकोप मा परेका खान लाउन नपुगेका, बिद्यालय पढ्न नपाएका बालबालीकाहरुको किताव कलम लगाएत साहाराबिहीन स्थानिय बासीहरुको उदारमा खर्च



बाँकी ८ पेजमा.....

# सरकारी कार्यालयमा प्रमुख विहीन

**मिसन न्यूज**

**जुम्ला**

जुम्लाका अधिकांश सरकारी कार्यालय प्रमुख विहीन भएका छन्। जाडो महिना शुरू भएपछि प्रमुखहरू विभिन्न समस्या देखाउँदै तराइतिर झर्ने प्रवृत्तिका कारण सरकारी कार्यालयमा सेवाप्रवाह समेत प्रभावित हुने गरेको छ। सेवा लिन पुगेका नागरिकले सास्ती खेपिरहेका छन्। हिउँदको समयमा कार्यालय प्रमुख विहीन हुने समस्या नयाँ भने होइन । निकै अघिदेखि कायम यस्तो समस्या अझै हटेको छैन ।

विभागीय प्रमुखहरू कार्यालयमा नबस्दा समस्या खेप्नुपरेको गुनासो बढेपछि जुम्लाका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाको नेतृत्वमा छड्के अनुगमन गरिएको छ। प्रजिअ थापाले सरकारी कार्यालय सेवा चुस्तदुरुस्त बनाउन छड्के अनुगमन गरिएको बताए । जुम्लाका ७ वटा कार्यालयमा समय प्रमुख विहिन रहेको पाइएको छ । प्रशासनले गरेको छड्केमा प्रधान मन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वियन इकाइ स्याउ सुपरजोन जुम्ला, जनस्वास्थ सेवा कार्यालय जुम्ला, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जुम्ला, अन्तरिक राजश्व कार्यालय, तथ्याङ्क कार्यालय जुम्ला, उपभोक्ता हक हित संरक्षण मञ्च कार्यालय जुम्ला, भवन तथा शहरी विकास कार्यालय जुम्ला र कृषि अनुसन्धान केन्द्र




विजयनगर जुम्लाका प्रमुख अनुपस्थित रहेको पाइएको हो। प्रजिअ थापाले भने, 'जुम्लाका २६ वटा कार्यालयमा छड्के अनुगमन गरिएको हो, तर २६ वटा सरकारी कार्यालय छड्के गर्दा ७ जना प्रमुख अनुपस्थित थिए,' उनले भने, 'केही कार्यालयका प्रमुखले प्रशासन संग जानकारी दिएर गएका छन्, तर अधिकांश कार्यालय प्रमुखले कुनै जानकारी दिएका छैन, उनीहरू जिल्ला बाहिर या जिल्लामै छन्।

अनुगमन गर्दा कार्यालयमा अनुपस्थित थिए ।' जुम्लामा २ सय ३० वटा सरकारी कार्यालय रहेका छन् ।

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**हाम्रो सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**


# जुम्लाको मार्सी नेपाल फुड ब्राण्डबाट बिक्री

मिसन न्युज
कालिकोट

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले जुम्लाको मार्सी धानको चामललाई ब्रान्डिङ गरेको छ । कम्पनीले मार्सी चामललाई 'नेपाल फुड' ब्राण्ड गरी बिहीबारदेखि काठमाडौंमा बिक्री वितरण शुरु गरिसकेको छ। मार्सी चामल कम्पनीले पहिलो चरणमा सुर्खेतबाट २७० क्विन्टल खरीद गरेर काठमाडौं उपत्यकाका पाँच बिक्री काउन्टरबाट बिक्रीवितरण शुरु गरेको हो। मार्सी चामल तीन दिन अर्थात् आइतबारसम्म २६८ किलो बिक्री भएको कम्पनीका सूचना अधिकारी शर्मिला न्यौपानेले जानकारी दिइन् । उनका अनुसार बिहीबार ९३ किलो, शुक्रबार १४४ किलो र आइतबार १३१ किलो चामल बिक्री भएको छ ।

उनले कम्पनीले यसअघि बिक्रीवितरण गर्दै आएको अन्य चामल जस्तै मार्सीको चामल बिक्री हुने अपेक्षा गरिएको बताइन् । खाद्य कम्पनीका काठमाडौं उपत्यकाका पाँच बिक्री काउन्टर थापाथली, रामशाहपथ, नख्खु, लगनखेल र सूर्यविनायकमा सो चामल राखिएको छ। यसैगरी बन्दाबन्दीका समयबाट शुरु गरिएको अनलाइनमा समेत उक्त चामल राखिएको कम्पनीले जनाएको छ ।

कम्पनीले प्रतिकिलो मार्सी चामल रु २२५ मा बिक्री गरेको छ। कम्पनीले चालू आर्थिक वर्षको कार्यक्रमभित्र रहेको जुम्लाको मार्सी धान खरीदको प्रक्रिया शुरु गरेको छ । धान खरीद प्राथमिक समितिले जुम्लाको मार्सी धान खरीद गर्न प्रतिकिलो रु १०२ र पैसा ५० तथा चामल प्रतिकिलो रु १६२ र पैसा ५० निर्धारण गरेको छ । धानको मूल्य निर्धारणका लागि कम्पनीले प्रत्येक वर्ष सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीका संयोजकत्वमा कृषिज्ञान केन्द्र, स्थानीय कृषक समन्वय समितिका प्रतिनिधिलगायतको समिति बनाएको छ । कम्पनीले हाल रञ्जित स्टिम चामल, सोना चामल, जापानी चामल, कर्णालीमा उत्पादित सिमी, केराउ दाना, मुसुरो र रहरको दाल बिक्री काउन्टर तथा अनलाइनमार्फत बिक्रीवितरण गर्दै आएको छ ।



## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल(वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# सडक जोगाउन तौलपुल राखिने

**मिसन न्यूज**
**काठमाडौं**

भौतिक पूर्वाधार तथा यातायातमन्त्री बसन्तकुमार नेम्वाङले सडक जोगाउनका लागि सडकमा तौलपुल राख्न थालिएको बताएका छन् । सडक विभागले भरतपुरको आँपटारीमा स्थापना गरेको तौलपुलको आज उद्घाटन गर्नुहुँदै उनले यसले सडक जोगाउने र दुर्घटना हुनबाट रोक्ने बताए । सडक सुधारका कामहरु भइरहेको भन्दै उनले बढी ढुवानी गर्ने सवारी साधनले सडक मैत्री बन्दै जाने मन्त्री नेम्वाङले जानकारी दिए । उनले भने, नयाँ सडक प्रविधि मैत्री बनाउँछौं । देशभरमा १० सिक्नेचर पुल बनाउन लागिएको भन्दै उनले यस क्षेत्रमा नारायणी नदीमा आकर्षक सिक्नेचर पुल बन्ने जानकारी दिए । कार्यक्रमपछि पत्रकारसँग कुराकानी गर्दै उनले भरतपुरमा यातायात व्यवस्था कार्यालय स्थापनाका लागि आफू सकारात्मक रहेको बताए । उनले आवश्यक प्रक्रिया पुरा गर्नका लागि मन्त्रालय तयार रहेको जनाए । सो सडक हुँदै आवतजावत गर्ने मालवाहक सवारी साधनलाई तौलपुलमा तौल लिइनेछ ।



नबिगारोस् भन्नका लागि तौलपुल राखिएको जानकारी दिए । उनले भने, बाटोको क्षमताभन्दा बढी तौल बोकेका सवारी साधनले सडक बिगार्ने र दुर्घटना निम्त्याउने हुँदा रोक्न तौलपुल राखिएको हो । नारायणगढ-मुग्लिन सडकखण्डको आँपटारीमा नेपाल सरकारका तर्फबाट पहिलो तौलपुल राखिएको जनाउँदै उनले यातायात क्षेत्र र ढुवानी क्षेत्रलाई यसले व्यवस्थित गर्ने बताए । ठूलाठूला राजमार्गमा पनि तौलपुल राखिने उनको भनाइ थियो । उनले थपे, नेपालमा पहिलो इलेक्ट्रिक टोलको ठेक्का व्यवस्थापन गर्न गइरहेका छौं । नयाँ बन्न लागेका सडक अहिलेको युगसँगै प्रविधि सडकको क्षमताभन्दा बढी सामान बोकेका सवारीबाट सामग्री झारेर कारबाही गरेर पठाइने बताइएको छ । कार्यक्रममा यातायात व्यवस्था विभागका महानिर्देशक गगनबहादुर हमालले पुलले सडक दुर्घटना घटाउने र सडकको आयु बढाउने बताउनुभयो ।

विभागका निर्देशक झारामचन्द्र पौडेलले मालवाहक ठूला ट्रकले क्षमताभन्दा बढी सामान बोकेका कारण समस्या हुँदै आएको जानकारी दिनुभयो । सो तौलपुल रु एक करोड २१ लाख ७३ हजारमा जडान गरिएको हो । तौलपुलको क्षमता ८० टन रहेको छ ।

# किर्गिस्तानले नयाँ प्रधानमन्त्री




**एजेन्सी**

किर्गिस्तानले नयाँ प्रधानमन्त्री पाएको छ । किगिस्तानको संसद्ले उलुक्बेक मरिपोभको उम्मेदवारीलाई पारित गरेकाले उनी प्रधानमन्त्रीमा निर्वाचित भएका हुन् । संसद्ले सरकारको नयाँ संरचना र कार्यक्रमहरूलाई समेत पारित गरेको झारिएको छ । यसअघि मन्त्रीहरूको सङ्ख्या २२ रहेको थियो । केही मन्त्रालयहरू गाभेर वा आधा आधा बाँडेर नयाँ मन्त्रालय बनाएको छ भने केही मन्त्रालयमा सामान्य परिवर्तन गरिएको छ । नवनिर्वाचित प्रधानमन्त्री मरिपोभ यसअघि एकाउन्टीङ चेम्बरको अध्यक्षको रूपमा कार्यरत रहेका थिए । एकाउन्टिङ चेम्बर किर्गिस्तानको



अधिकारीहरूले जानकारी दिएका छन् । संसद् बैठकमा बोल्दै नवनिर्वाचित प्रधानमन्त्री ४१ वर्षीय मरिपोभले नयाँ संरचना र कार्यक्रमहरूले सामाजिक तथा आर्थिक समस्याहरूको समाधान गर्ने विश्वास व्यक्त गरे । संसद्ले पारित गरेको नयाँ संरचनामा मन्त्रिपरिषद्को सङ्ख्या घटाइएको छ भने उपप्रधानमन्त्रीको सङ्ख्या एक मात्रै गरिएको छ । त्यसैगरी मन्त्रीहरूको सङ्ख्या पनि १६ मा लेखापरीक्षणसम्बन्धी राज्यको निकाय हो । त्योभन्दा अगाडि उनी राष्ट्रपति कार्यालयको उपप्रमुख रहेका थिए । यही जनवरी २१ मा तत्कालीन प्रधानमन्त्री साडीर झापारोभले राजीनामा दिएपछि उनी किर्गिस्तानमा नयाँ प्रधानमन्त्री चयन गर्नुपरेको हो । झापारोभ यही जनवरी १० मा मुलुकको राष्ट्रपतिमा निर्वाचित भएकाले उनले राजीनामा दिएका हुन् ।

# साताको भाग्यफल

| | | |
|---|---|---|
|  | मेष : | प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । लाभ नहुने कामको समेत जिम्मेवारी सम्हाल्नुपर्ला । सोमवारदेखि स्थितिमा सुधार आउनुका साथै आफन्तसँग सम्पर्क बढ्नाले मनमा आनन्द मिल्नेछ । नयाँ काममा हात हाल्न केही अवरोध आउन सक्छन् । घरायसी काममा पनि अलमलिनुपर्ला । |
|  | वृष : | प्रारम्भमा आम्दानीका विविध स्रोत फेला परे पनि दिगो लाभ उठाउन नसकिएला । परिस्थितिवश हातबाट सञ्चित रकम बाहिरिन सक्छ । बलजफ्ती गर्ने बानीले काममा समेत समस्या पर्नेछ । |
|  | मिथुन : | सामाजिक काममा जुट्नुपरे पनि दाम, इनाम एवं प्रतिष्ठा प्राप्त हुने समय छ । पहिलेको नतिजाले हौसला प्रदान गर्नेछ । पेसा र व्यापारमा मनग्गे लाभ हुनेछ । आम्दानीका अन्य स्रोत समेत फेला पर्नेछन् । |
|  | कर्कट : | प्रारम्भमा व्यावहारिक कठिनाइ देखा पर्नाले चिताएको काम रोकिन सक्छ । तापनि मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ । सोमवारदेखि स्थितिमा सुधार आउनुका साथै कर्मयोगले समाजमा स्थापित गराउन सक्छ । काम देखाएर उपलब्धि हातपार्ने समय छ । |
|  | सिंह : | सुरुमा व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला। अध्ययनमा बाधा पुग्नेछ भने वादविवादले समस्या निम्त्याउन सक्छ । |
|  | कन्या : | शुभचिन्तकहरूको सहयोगले साताको प्रारम्भ उत्साहवर्द्धक देखिनेछ । सामाजिक प्रतिष्ठा एवं पदीय जिम्मेवारी प्राप्त हुनेछ । सोमवारदेखि भने काममा अरूको भर पर्नुपर्ने स्थिति आउन सक्छ । अरूकै लागि रकम र समय पनि खर्चनुपर्ला । स्वास्थ्यमा केही कमजोरी देखापर्नेछ । |
|  | तुला : | चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ । मिहिनेतले अवसर दिलाउनेछ भने लगनशीलताले लक्ष्यमा पुर्याउनेछ । विवाद तथा मुद्दाहरूमा पनि आफ्नो पक्ष बलियो रहनेछ । व्यवसायका लागि यात्रा गर्ने अवसर जुर्न सक्छ । प्रयत्न गर्दा मित्रता र प्रेमको बन्धन कसिनेछ । पेसातर्फ आम्दानी पनि बढ्नेछ । |
|  | वृश्चिक : | प्रारम्भमा पढाइलेखाइ र स्वास्थ्यको चिन्ताले सताउन सक्छ । बलजफ्तीले काम बिग्रनेछ भने अर्थ अभावले पनि समस्या उत्पन्न हुनेछ । सोमवारदेखि व्यापार र उद्योगमा विशेष फाइदा हुनेछ । स्रोत-साधन जुट्नाले छोटो समयमा उपलब्धि हातलागी हुनेछ । |
|  | धनु : | प्रारम्भमा अप्ठ्यारो परिस्थितिका बीच केही संघर्ष गर्नुपर्ने हुन सक्छ । आफन्तसँग असमझदारी बढ्नेछ । काम बिग्रने भयले सताउन सक्छ । सोमवारदेखि रोकिएको कामले गति लिनेछ । धेरै फाइदा नभए पनि नयाँ काम सुरु हुनेछ । अध्ययनमा सामान्य प्रगति हुनेछ । |
|  | मकर : | मिहिनेतले हिम्मत दिलाउनेछ भने सुरुमा पुरुषार्थ देखाएर दाम समाउने अवसर प्राप्त हुनेछ । सोमवारदेखि साइनो गाँस्नेहरूबाट अलि सजग रहनुपर्ला । परिस्थितिअनुसार चल्न नसक्ता केही दुःख पाइनेछ । समयतालिका नमिल्दा आफ्ना कामबाट अरूले फाइदा उठाउलान् । |
|  | कुम्भ : | धेरै बोल्ने बानीले वादविवाद निम्त्याउन सक्छ । खराब व्यक्तिको संगतले बुद्धिभ्रम हुनेछ । सोमवारपछि शुभचिन्तकहरूको साथ जुट्नाले काममा फाइदा हुनेछ । बलभन्दा बुद्धिको उपयोगले लाभ दिलाउनेछ । टाढिएका आफन्त नजिकिनेछन् । अध्ययन र व्यापारमा फाइदा हुनेछ । |
|  | मीन : | सुरुमा रमाइलो जमघट र खानपानमा रमाउने समय छ । वातावरण अनुकूल नदेखिए पनि इच्छाशक्ति बढ्नाले लक्ष्य प्राप्ति हुनेछ । लगनशीलताले प्रतिष्ठा दिलाउनेछ । सोमवारदेखि परिस्थितिवश लक्ष्य साधनामा पछि परिनेछ । अप्रिय समाचारले जाँगर मर्नेछ । |

## निर्माणमा गति लिँदै..................

पर्दछ। यस्तै बाजुरामा ४३ किलोमिटर र हुम्लामा १ सय १३ किलोमिटर सडक खण्ड पर्दछ । जम्मा १ सय ७४ किलोमिटर लामो यो सडकको ५१ किलोमिटर सडक विभाग र १ सय २३ किलोमिटर सडक नेपाली सेनाले निर्माण गरिरहेका छन् ।

नेपाली सेनाका प्रवक्ता सन्तोषवल्लभ पौडेलले आफूहरूले जिम्मा पाएको १ सय २३ किलोमिटर सडकमध्ये १ सय २१ किलोमिटर सडकको ट्र्याक खोलिसकेको बताए । उनले भने, 'अब हुम्लाखण्डको दुई किलोमिटर चट्टानी भागमात्र बाँकी छ, एउटा पुल र बाँकी रहेको दुई किलोमिटर सडक निर्माण गरेर आगामी जेठसम्म पूरै सडक हस्तान्तरण गर्नेछौं।' योसँगै हुम्ला पनि सडक सञ्जालमा जोडिने र स्थानीयको जीवनमा कायापलट हुने सेनाको विश्वास छ। करिडोर निर्माणको जिम्मा लिएको करिब ६ वर्षको अवधिमा सेनाले ठूलाठूला चट्टान फोड्दै १ सय २० किलोमिटर सडकमा हाल गाडीसमेत गुडाइसकेको छ । हाल कालीकोटको लालीघाट बजारदेखि बाजुराको हिमाली गाउँपालिकाको लेबडीसम्मको ७८ किलोमिटर सडकमा सार्वजनिक यातायात सञ्चालन भइसकेको छ। बाजुराको लेडीबाट हुम्लाको गल्फागाडसम्म सेनाको सामान ढुवानी गर्ने गाडीहरू गुडिरहेका छन् । यो करिडोरको कुल लागत २ अर्ब ८४ करोड १६ लाख ११ हजार छ । यो वर्ष करिडोर निर्माणका लागि सरकारले १८ करोड ६३ लाख बजेट निकासा दिएको छ। गत आर्थिक वर्षसम्म १ अर्ब ५३ करोड बजेट खर्च भइसकेको छ । कर्णाली करिडोरमा पर्ने सान्नीगाड, फुगाड, जुड्डीगाड, कुवाडी खोला, गल्फागाडमा बेलिब्रिज निर्माण भइसकेका छन् । खुलालुमा बेलिब्रिज निर्माण भइरहेको छ।

## अवैध क्रसर......................

हटाउन स्थानीय सरकार र प्रहरीलाई पटक-पटक अनुरोध गरेका छन् । प्रशासनलेनै क्रसर उद्योग बन्द गराउन र हटेर गरेमा अन्य आवश्यक कारवाही गर्न पत्राचार गरिसकेको छ। यो क्रसर उद्योग पनि निर्वाध सञ्चालनमै छ। पश्चिम सर्खेतको बराहताल गाउँपालिका-२ स्थित भेरी नदी किनारमा चार वटा अबैद्य क्रसर उद्योगहरु छन्। प्रशासन कार्यालयले नाम सहित क्रसर उद्योगहरु बन्द गराउन पत्राचार गरेको छ । वडाध्यक्षको अध्यक्षतामा भएको स्थानीयको भेलाले सबै सरोकारवाला निकायमा बस्ती नजिक र नदी किनारका क्रसर उद्योगहरु बन्द गराउन पत्राचार गरेको छ । क्रसर उद्योगदेखि एक सय मिटर दूरीमा प्रहरी चौकी छ । प्रहरीकै आँखा अघाडि अबैद्य क्रसर उद्योगहरु निर्वाध सञ्चालन भइरहेका छन् । रानीघाट प्रहरी चौकीमा कार्यक्रम एक प्रहरी जवानका अनुसार जिल्लाबाटै क्रसर बन्द नगराउन निर्देशन आएको छ। 'हाकीमले बन्द गराउन निर्देशन दिए एकैछिनमा हामी बन्द गराउन सक्छौं,' ति प्रहरी जवानले भने, 'माथिनै सेटिङ मिलेकाले हामीलाई बन्द गराउने आदेश छैन्।' प्रशासन कार्यालयले भेरीगंगा नगरपालिका-८ स्थित गोचेखोलामा हाम्रो निर्माण सेवा, लेकवेशी नगरपालिका-१ मा भेरी एग्रीटेक एण्ड सेन्ड रिफाइनरी, लेकवेशी नगरपालिका-८ स्थित लामा-राजेन्द्र-श्याम एण्ड शंकर जेभी, लेकवेशी वालुवा प्रशोधन उद्योग, बराहताल गाउँपालिकामा सञ्चालित देउतीमाता वालुवा प्रशोधन उद्योग, महालक्ष्मी किरातेश्वर-केएसके जेभी, केसी बालुवा प्रशोधन उद्योग र सपना-आशिष-श्याम एण्ड शंकर जेभीले सञ्चालन गरिरहेका क्रसर उद्योगहरु बन्द गर्न प्रहरीलाई निर्देशन दिएको थियो। जिल्ला प्रशासन कार्यालयले गरेको अनुगमनका क्रममा हाम्रो निर्माण सेवाले मापदण्ड पूरा नगरेर क्रसर उद्योग सञ्चालन गरेको, भेरी एग्रीटेकले वालुवा प्रशोधन उद्योगको अनुमति लिएर क्रसर उद्योग सञ्चालन गरिरहेको, लामा-राजेन्द्र जेभीले मापदण्ड पूरा नगरेरै क्रसर उद्योग सञ्चालन गरेको, लेकवेशी वालुवा प्रशोधन उद्योगले मापदण्ड पूरा नगरेको पाइएको थियो। भेरी नदी किनारमा सञ्चालित देउतीमाता वालुवा प्रशोधन उद्योगले मापदण्ड पूरा नगरेको, सेटिङ पोण्ड नभएको, बस्ती नजिक बाटोसँग जोडिएको, महालक्ष्मी किरातेश्वरलेाी ललामी नदीजन्य पदार्थहरु उठाएर निजी योजनामा प्रयोग गरेको, नदी किनारमा होमपाइप उद्योगसँगै क्रसर सञ्चालन गरेको, सपना-आशिषले सञ्चालन गरेको अस्थायी क्रसर उद्योगको म्याद समाप्त भएपनि सञ्चालनमा रहेको प्रशासन कार्यालयको भनाई छ। जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायव उपरीक्षक (डिएसपी) रामप्रसाद घर्तीले नजिकका प्रहरी युनिटहरुलाई मापदण्डविपरित सञ्चालित अबैद्य क्रसर उद्योगहरु बन्द गर्न निर्देशन दिइएको बताए

## अध्यक्षको तलवबाट......................

गर्ने गरेका छन । अन्य मुगु जिल्लामा रहेको जनप्रनिनिधिहरु भन्दा भाम निकै समाज सेवामा काम गर्ने र दयालु भावनाका रहेका छन । सदरमुकाम गमगढी बजारमा सार्वजनिकै शौचालय नहुदा गाँउ घर बाट सदरमुकाममा बिभिन्न कामको शिलशिलमा आएका स्थानिय बासिहरुलाई शौचगर्न निकै अप्ठ्यारो पर्ने हुदा यस्तो समस्या बाट मुक्त होस भनि शौचालय निर्माण गरिदिएको वडा अध्यक्ष भामको भनाई रहेको छ। वडा अध्यक्षले शौचालय बनाई दिए पछि स्थानिय बासीहरु निकै सहज भएको बताउन्छन। यो भन्दा अगाडी तलब भत्ता बाटै छायानाथ रारा नगरपालिकाका वडा नं १, २ र ४ का स्थानीयको सहजताका लागि रु २५ हजार बराबरको शौचालय पनि निर्माण गरि सकेका छन् । वडा अध्क्षय भामको आगामी राजनिती फलदायक रहोर भन्दै स्थानियहरुले आश्रीवाद दिएका छन ।

**अपाङ्गता भएका व्याक्तिहरुको पहुँच, अधिकार तथा अपाङ्गतामैत्री संरचना निर्माणका वारेमा निर्माण कम्पनीहरु, डिजाइनर वा इन्जिनियरहरुमा चेतना जगाऔं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ।

सम्पर्क ठेगाना
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

**बेस्ट कर्णाली मिडियाद्वारा जारी सुचना**

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता
– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
– अनलाईन पत्रिका डिजाइन।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
– वेव तथा अनलाईनका लागि होस्टीग।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
– भिडियो डुकुमेन्ट्री उत्पादन।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत